# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल


प.सं.: २०७९/०८०

चं.नं..:

मितिः २०८०/०१/१३ गते

## श्रम स्वीकृती सम्बन्धी सूचना ।

वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली बमोजिम वैदेशिक रोजगारीमा जाने हरेक नेपालीले अनिवार्य श्रम स्वीकृती लिनुपर्ने ब्यबस्था तथा वैदेशिक रोजगारीलाई थप सहज, ब्यबस्थीत, मर्यादित एवं भरपर्दो बनाउन श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७९/१२/१६ को प्रेस विज्ञप्ती अनुसार स्थानिय तहमा नै नागरिकहरुको पहुँच पुर्याउन वैदेशिक रोजगारीमा जाने श्रमिक तथा कामदारको ब्यक्तिगत तथा पुनःश्रम स्वीकृतीको अनलाईन आवेदन एवं वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह गर्न यस कार्यालयको रोजगार सेवा केन्द्रबाट हुने ब्यहोरा सम्बन्धीत सबैका लागी जानकारी गराइन्छ। साथै ब्यक्तिगत तथा पुनःश्रम स्वीकृतीका लागी आवेदन पेश गर्दा तपशिलका कागजातहरु संलग्न गर्नुपर्ने ब्यहोरा जानकारी गराइन्छ ।

तपशिल :

१. नागरिकताको सक्कल प्रति ।

२. राहदानीको सक्कल प्रति ।

३. इमेल आई डि र फोन नं. ।

४. बैङ्क खाता विवरण (चेकको प्रतिलिपि) परिवारको कुनै एक सदस्यको भए हुने ।

५.पारिवारिक विवरण ।

६. पुरानो श्रम स्वीकृतीको **Scan Copy** (पुरानोको हकमा) ।

७. **Visa Paper Scan Copy**

८. **Agreement Paper Scan Copy** (करार सम्झौता) ।

९. **Embassy Letter Scan Copy**

गोविन्द प्रसाद पौडेल

नि.प्रमुख प्रशासकीय अधिकृत

नि० प्रमुख प्रशासकीय अधिकृत


फोनः ०५६-५०००६८, ५०००७२

इमेलः devghat.ruralmun@gmail.com, info@devghatmun.gov.np, वेबसाइटः devghatmun.gov.np